

THE MOST HOLY
FAITH
STUDY # 7
THE GREAT TRUTHS OF
THE BIBLE
"Thy word is truth" ...John 17:17


THE GREAT TRUTHS OF THE BIBLE
STUDY : # 7
THE MOST HOLY FAITH

# बाइबलका गहिरा सत्यताहरु
# पाठ – ७
# अति पबित्र बिश्वास

***पुनश्च: कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ति आफ्नो बाइबललाई आधार बनाई अध्ययन गर्नुहोला।यस पाठमा उल्लेखित प्राय बाइबलका पदहरु Authorized King James Version बाट उद्दृत गरिएका छन्।***

आज हामी बिश्वासकै अध्ययनलाई दोश्रो भागमा निरन्तरता दिनेछौ।अघिल्लो पाठमा हामीले ख्रीष्टियान बिश्वासचाँही बचनमा लेखे अनुसार अति पबित्र बिश्वास (यहुदा:२०) मा बढ्दै जानुपर्दछ भन्ने कुरा हेर्यौ।



अनि, यो बिश्वास युहन्ना १७:१७ मा उल्लेख भए अनुसार बाइबलको शिक्षामा आधारित हुनुपर्दछ जे नै सत्य हो भनि भरोसा राख्न सकिन्छ।आज हामी यो पबित्र बिश्वास र मण्डलीमा बाइबलको शिक्षामा किन र कसरी ह्रास आउदैछ भन्ने कुराको अध्ययन गर्नेछौ।

आउनुहोस, २ कोरिन्थी ११:३ मा उल्लेख भएको अगमवाणी हेरेर आजको अध्ययन शुरु गरौ।



*"तर जसरी सर्पले आफ्नो धुर्तताद्वारा हब्बालाई धोकादियो,त्यसरीनै कुनै न कुनै प्रकारले तिमीहरुका मनहरु ख्रीष्टप्रति भएको सिधापनाबाट भ्रष्ट हुन्छन् कि भन्ने डर मलाई लाग्छ।"*

यहाँ,प्रेरित पावलचाँही मण्डलीहरु अदनको बगैचामा हब्बा छलिए जस्तै छलिन्छन भन्ने डर पोख्दछन्। किन मण्डलीलाई हब्बासँग दाजियो भन्ने कुरामा उदेक मान्नुहुन्न?हामीलाई थाहा छ कि आदम र हब्बा, जोहरुले मानबजातीको सन्ततिहरु ब्युत्पन्न गरे,मृत्युमा पस्नेबारे हामीले प्रष्टै रोमी ५:१२ मा पढ्न सक्छौ।

*"यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो,र पापद्वारा मृत्यु सबै मानिसहरुमा फैलियो;किनकी सबैले पाप गरेका छन्।"*

तर, हामी पढ्छौ कि केहि समय पश्चात दोश्रो आदम पनि हुनेछ भन्ने तथ्य हामी १ कोरिन्थी १५:४५ मा पढ्न पाउछौ।

*"अनि यस्तो लेखिएको छ:"पहिलो मानिस आदम जिबित प्राणी बन्यो;अन्तिम आदमचाँही जिबित पार्नुहुने आत्मा बन्नुभयो।"*

अनि,दोश्रो हब्बा पनि हुनेछ जो चाँही अरु कोही नभएर मण्डली नै हो।हो,येशूको बेहुली हुनेछ।त्यो मण्डली दोश्रो हब्बा हो।अनि,शैतानले अदनको बगैचामा हब्बालाई छले जसरी नै झुटा शिक्षा र सिद्दान्तहरु प्रस्तुत गरी अनेकन काम र प्रयासहरु गरिराखेको छ,जसरी प्रेरित पावलले पनि माथीको बचनमा ब्याख्या गरेका छन।आउनुहोस,शैतानले कसरी प्राचिन मण्डलीमा नै यो छल्ने काम शुरु गऱ्यो भन्ने कुरालाई हेरौ।गलाती ३:१ लाई पढौ।

*"हे बुद्दिहिन गलातिहरु हो,सत्यता पालन नगर्नु भनेर कसले तिमीहरुलाई मोहमा पाऱ्यो?"*



हो,प्रेरित पावलले गलातीका मण्डलीहरुलाई मोशाको ब्यबस्था पालन गर्ने नगर्ने भन्ने दोधारको बिषयमा हकारेर चेतावनी दिदछन।यो नै प्राचिन मण्डलीमा ठुलो दोधारको बिषय थियो।प्राचिन ख्रीष्टियानहरु प्राय सबै यहुदीहरु थिए,र तिनीहरु मोशाको ब्यबस्थालाई कडाईका साथ पालन गर्ने संस्कृतिबाट हुर्किएर आएका थिए।र तिनीहरु येशू ख्रीष्टको समयमा त्यो पालन गर्ने कि नगर्ने भन्ने यि दुई कुराहरु दिमागमा राखेका थिए।अनि,यसै सन्दर्भलाई हामी प्रेरित १५:१ मा पनि पढ्न सक्छौ ।

*"अनि केही मानिसहरुले यहूदियाबाट झरेर भाईहरुलाई शिक्षा दिए:"मोशाको रिती अनुसार तिमीहरुको खतना नहुन्जेल तिमीहरुले मुक्ति पाउदैनौ।"*



यो अर्को परिघटना हो जेले प्राचिन मण्डलीका यहुदी ख्रीष्टियानहरुले मोशाको ब्यबस्था र आज्ञालाई शिरोपर गरी कायम राख्ने नराख्ने समस्याको बारेमा बोल्दछ।हो,त्यति बेलाका प्राचिन यहुदीहरु ख्रीष्टियान भईसकेपछी मोशाको ब्यबस्था राख्ने नराख्ने भन्ने दोधारमा थिए।अनि,शैतानले त्यसमा अझ दोधार थप्न खोजेको छ।शैतानको छलको काम प्रेरितहरुकै समयकाल देखी नै शुरु भयो।कल्पना गर्नुहोस त,आजको दिनसम्म र आजको दिनहरुमा शैतानको छलको अवस्था कस्तो छ त।अनि, हाम्रो अर्को छलको बिषयमा १ कोरिन्थी १५:१२ मा पढ्न पाउछौ।

*“अब 'उहाँ मरेकाहरुबाट बौरी उठ्नुभयो' भनि ख्रीष्टको प्रचार गरिन्छ भने मरेकाहरुको बौरिउठाइ हुँदैन भनी तिमीहरुमध्ये कतिले कसरी भन्छन त?"*

हो,शैतानले पुनरुत्थान सम्बन्धी नै शंकाहरु पैदा गर्न थाल्यो जसद्वारा उसले प्राचिन मण्डलीको समयमा ख्रीष्ट मृत्युबाट बौरी उठ्नुभएको हो भन्ने सुसमचारलाई नै शुन्य बनाउन कोशिष गऱ्यो।यो पछिल्ला शताब्दीहरुमा गएर इस्लाम धर्मको कुरानको सिद्दान्तको रूपमा विकास भयो जेमा ख्रीष्ट साच्चै क्रुशमा मर्नुभएको थिएन भन्ने कुरा उल्लेख गर्दछ।कुरानमा ख्रीष्ट नभएर अरु कोही नै मरेको भनि दाबी गरिन्छ।

(कुरानको सुराह-अन-निसा इव:को पद १५७ लाई आधार मान्नुहोस)"अनि तिनीहरुको भनाई अनुसार,अल्लाहका समाचारबाहक मरियमका सुपुत्र मसिह येशूलाई मारेको भन्ने तथ्य राख्दछन्। तर,तिनिहरुले साच्चै ख्रीष्टलाई मारेनन न त क्रुशमा झुन्ड्याए नै,जसो तिनीहरुको आँखा र समझ अगाडी प्रस्तुत हुन्छ,र जो यो कुरामा असमहत छ,त्यो द्विबिधामा छ।"-कुरान

हाम्रो प्रभु येशू र प्रेरित पावलले त्यस्ता छलहरु र छल्नेहरु बिरुद्द चेतावनी दिनुभएको छ जसै हामी प्रेरित २०:२९,३० मा पढ्न पाउछौ।

*"किनभने मलाई यो थाहा छ,म गएपछी तपाईंहरुको बिचमा क्रुर ब्वाँसाहरु भित्र पस्नेछन,जसले बगाललाई छोड्नेछैनन्।३० तपाईंहरुकै बिचबाट पनि चेलाहरुलाई आफ्नो पछी खिँच्न टेडामेडा कुरा गर्ने मानिसहरु उठ्नेछन।"*

यहाँ, प्रेरित पावलले सानो बगालहरु भेडाको भेषमा झुटा अगमवक्ताहरुद्वारा छलिने कुराको डरबारे बोलेका छन।



जसै येशू आफैले पनि यस सम्बन्धमा मत्ती ७:१५ मा चेतावनी दिनुभएको थियो ।

*"झूटा अगमवक्ताहरूबाट होशियार बस,जो तिमीहरूकहाँ भेडाका भेषमा आउँछन्,तर भित्रपट्टी चाहिँ तिनिहरु लुटाहा ब्वाँसा हुन्छन्।"*

हो,तिनीहरु बाहिर भेडाको भेषमा आउछन,तर भित्र चाँही डरलाग्दा ब्वासाहरु हुन्छन।यस्को अर्थ के हो त?यहाँ भेडाको भेषले दया,सरलपना आदीको बाहिरी देखावटी खोललाई चित्रण गर्दछ भने भित्री हृदयमा तिनीहरुको धेय चाँही व्यक्तिगत फाइदा नै हुन्छ जसरी ब्वाँसोहरुले सधै भेडाहरुलाई खान नै खोज्छन।हो,यस अगमवाणीले झुटा अगमवक्ताहरुबारे हो जोहरुको यस्तै खालको चरित्र हुँदछ। अनि,अर्को प्रश्न के उठ्न सक्छ त?अगमवक्ता को हो?अनि,अगमवाणीको साचो अर्थ के हो त?के अगमवाणी आजको दिनहरुको जस्तो प्रार्थना सेवामा जनमानस माझ अरुको व्यक्तिगत समस्या र ब्यबहारहरुलाई सबैको अगाडी फुक्नु हो जेलाईआजकाल अगमवाणी भनिन्छ?के यो नै अगमवाणी  हो त?आउनुहोस,बाइबलमै यस्को उत्तर हेरौ।प्रकाश १९:१० लाई पढौ।

*"अनि तिनलाई दण्डवत गर्न म तिनका पाउहरुमा परे;तर तिनले मलाई भने:हेर,तिमिले यसो नगर! म त तिम्रो र तिम्रो भाईहरुको सँगी-दास हुँ, जससँग येशूको गवाही छ।परमेश्वरलाई नै दण्डवत गर,किनकी येशूको  गवाहीचाँही अगमवक्ताको आत्मा हो।"*

हो, येशूको गवाही नै अगमवाणीको आत्मा हो।यस अगमवाणीहरु बाइबल भरी नै सांकेतिक र दृश्टान्तिक भाषामा चाबी/मोहोर लगाइएको छ।तसर्थ,यिनै बचनका खण्डहरुलाई ठिक प्रकारले ब्याख्या गर्ने र सिकाउनु नै साचो अगमवाणी हो र त्यसो गरी सिकाउने ब्यक्ती नै साचो अगमवक्ता र शिक्षक हो।



तर,येशूले यहाँ झुटा शिक्षकहरुबारे चेतावनी दिनुभएको छ जसले बाहिरपट्टी चाँही नम्रता र दयाको देखावटी बस्त्र पहिरेका हुन्छन भने भित्र पट्टी चाही आफ्नो व्यक्तिगत स्वार्थ पछ्याई सानो बगालको आत्मिक जिबन नाश गर्न उन्मुख हुन्छन ।

अनि, त्यस्ता झूटा शिक्षकहरुबारे पनि प्रेरित युहुन्नाले १ युहुन्ना ४:१,२ मा यसरी लेखेका छन।



*"प्रियहरु हो,हरेक आत्मालाई विश्वास नगर,तर ति आत्माहरुचाहिँ परमेश्वरबाटका हुन की होइनन भनी तिनीहरुलाई जाँचेर हेर;किनकी अनेकौ झुटा अगमवक्ताहरु संसारमा निस्किआएका छन।२ यसैबाट तिमीहरुले परमेश्वरको आत्मालाई चिन: येशू ख्रीष्ट शरीरमा भई आउनुभएको हो भनी स्विकार्ने हरेक आत्मा परमेश्वरबाटको हो।"*

यहाँ, प्रेरित युहुन्नाले सबै आत्मालाई बिश्वास नगर भनेका छन तर पर्मेश्वरबाटको हो कि होईन जाँची हेर भनेका छन।यसको अर्थ के **हो** त?के यसले हामीले राती भूतहरुलाई जाच्नु भन्न खोजेको हो जुन धारणा आजको आत्माको सन्दर्भमा सामान्यतया बुझ्ने अर्थहरु छन तर आधारभूत रूपमा यसले अदृश्य तर शक्तिशाली शक्तिलाई दर्शाउदछ।आत्माको ३ वटा अर्थहरु छन जसै हामी अब तल हेर्नेछौ।

१) उपदेशक १२: ७

*"तब माटो जस्तो थियो,त्यस्तै पृथ्वीमा फर्कनेछ;अनी आत्मा परमेश्वरकहाँ फर्कनेछ,जसले त्यो दिनुभएको थियो।"*

यो, आत्माको पहिलो अर्थ जहाँ आत्माले जिबनको सास भन्ने अर्थ राख्दछ जसले शरिरलाई जिबित राखी दिगो राख्दछ।यो दुबै अद्दश्य र एक्दमै शक्तिशाली हुन्छ।फेरी,हामी आत्माको अर्को अर्थलाई दानियल २:१ मा पढौ।

२) दानियल २:१:

*"अब नबुक्दनेस्सरको शासनकालको दोश्रो बर्षमा नबुक्दनेस्सरले सपनाहरु देखे,जसको कारणले तिनको आत्मा विचलित भयो,र तिनको निन्द्राले तिनलाई छोड्यो।"*

यो, आत्माको दोश्रो अर्थ हो जसले मस्तिष्क भन्ने अर्थ दर्शाउँदछ।हो,दिमाग पनि अद्दश्य र एक्दम शक्तिशाली हुन्छ।कल्पना गर्नुहोस त,दिमाग बिनाको जिबन र शरिर?यसको उत्तर थाहा पाउन नजिकैको छिमेकीको मानसिक अस्पतालमा जानुहोला।तर,१ युहुन्ना ४:१ मा लिखोट भएको आत्माको अर्थ के हो त?के यसले जिबनको सास वा मस्तिष्क भन्ने अर्थ दर्शाउदछ त?सबै सासहरु बिश्वास नगर वा सबै मस्तिष्कहरुलाई बिश्वास नगर्ने भन्न खोजिएको हो त?होईन।यसको अर्थ यो होईन।त्यसो हो भने,आत्माको तेश्रो अर्थ पनि हुनुपर्छ।

३) आउनुहोस, युहुन्ना ६:६३ लाई पढौ ।

*"आत्माले पो जीवित पार्नुहुन्छ;शरीरले केही फाईदा दिँदैन; जुन वचनहरु म तिमीहरुलाई भन्दछु,ती वचनहरु आत्मा हून् र आत्मा हून्।"*

येशूले यहाँ आत्माको तेश्रो अर्थको बिषयमा हामीलाई शिक्षा दिनुभएको छ।यहाँ, आत्माको अर्थ शिक्षा वा उपदेश भन्ने हो।तसर्थ,प्रेरित युहुन्नाले सबै उपदेशहरुलाई बिश्वास नगर्ने चेतावनी दिएका छन तर ति दृष्टान्त/शिक्षाहरुलाई बेरियनहरु जस्तै बचनको आधारमा जाँच गर्ने भनेका छन जसै हामी प्रेरित १७:११ मा पढ्छौ ।



*"यिनिहरुचाहिँ ती थेस्सलोनिकामा हुनेहरुभन्दा उत्तम रहेछन;किनकी यिनिहरुले मनको पुरा तयारीका साथ वचन ग्रहण गरे,र यी कुराहरु यस्तै हुन् कि होईनन् भनी दिनहुँ पवित्रशास्त्रहरुमा खोजी गर्दथे।"*

हो, हेर्नुहोस त,बेरियनहरुले प्राचिन मण्डलीमा सत्यताप्रति देखाएको होशियारी र बिश्वासको कस्तो उदाहरण।तर,आउदो मण्डली र त्यसको भावी बिकासक्रमलाई प्रेरित पावलले १ तिमोथी ४:१,२ मा यसरी अगमवाणी कहेका छन।

*“अब आत्माले स्पष्ट गरी भन्नुहुन्छ:पछी आउने समयहरुमा कोहो-कोही बहकाउने आत्माहरुमा र दुष्टआत्माहरुका शिक्षाहरुमा ध्यानदिएर विश्वासबाट भड्किएर जानेछन।”२ यिनिहरु ति हून् जसले कप्ट्याइँमा झूट बोल्छन, जसको विवेकचाहिं तातो फलामले डामिएको हुन्छ। ”*

हो, ठिक पहिलो शताब्दीको मण्डलीको समयकालताका नै प्रेरित पावलले पबित्र आत्माको उत्साहमा आउदो समयको,तकरिबन २०० देखी ३०० बर्षहरु पछिको अवस्थालाई अगमवाणीको रूपमा बोले।अनि यो तेश्रो र चौथो शताब्दीताका नै पुरा भयो जब केही ख्रीष्टियानहरु अति पबित्र बिश्वासबाट तर्केर छली आत्मा (छल्ने र जालमा पार्ने सिद्धान्तहरू) र भुतप्रेतको सिद्धान्त (अधार्मिक बिश्वास)हरुमा बिश्वास गर्न शुरु गरी झूट बोल्ने आत्मा,बिबाह निषेध र परमेश्वरले सृजनुभएको भोजनबाट अलग बस्दछन।यसको अर्थ के हो त?यो सबै रोमन क्याथोलिक मण्डलीको बिकास क्रममा पुरा भयो।यिनीहरुले थुप्रै बचनमा लिखोट नभएको सिद्दान्तहरुलाई मानि लिइ प्रचार गरे जुन हामी आउदो आत्मा,नर्क,मुक्ति,पापको क्षमा आदी सम्बन्धी पाठहरुमा अध्ययन गर्नेछौ।यिनीहरुले सास्तीको करारको साथसाथै दिदीबहिनीहरुको अगुवापनलाई परिचय दिए जब कि बाइबलले यस सम्बन्धमा ठ्याक्कै उल्टो सिकाउछ जसै हामी १ तिमोथी ३:२ मा पढ्न पाउछौ।

*"यसकारण अध्यक्ष निर्दोष,एउटै पत्निको पति,सतर्क,आत्मसंयमी,असल व्यवहार भएका, अतिथिलाई सत्कार गर्ने,सिकाउनमा सिपालु हुनुपर्छ।"*

अनि,शुक्रबारको दिन मासु नखाने भन्ने शिक्षामा आऔ किनकी यिनीहरुले शुक्रबारलाई येशू ख्रीष्टको मृत्युको दिनलाई सम्झना गर्छन जुन शिक्षा पनि बाइबलको बचनले सिकाउदैन।प्राचिन मण्डलीको इतिहासलाई बुझ्न प्रेरितको पुस्तकलाई आधार मान्नु होला।तसर्थ,मण्डली र यसको बिकास सम्बन्धमा गरिएको अगमवाणी पुरा भयो।अनि,हामी दोश्रो अगमवाणीलाई हेरौ जुन २ तिमोथी ४:२-४ मा उल्लेख गरिएको छ।

*"वचन प्रचार गर;समयमा असमयमा तयारभै बस;सारा सहनशिलता र शिक्षाले दोष देखाइदेउ,हप्काउ,अर्तिदेउ!३ किनकी यस्तो समय आइरहेछ,जब तिनिहरुले खाँटी शिक्षा सहनेछैन्, तर चिलाउने कानहरु भएका हुनाले तिनीहरुले आफ्नै अभिलाषाहरु अनुसार आफ्ना निम्ती शिक्षकहरुको थुप्रो लाउनेछन;४ अनि तिनिहरुले आफ्ना कानहरु सत्यताबाट फर्काउनेछन् र दन्त्यकथाहरुतिर लगाऊनेछन्।”*

यो उस्तै बाक्यहरु भएको अर्को अगमवाणी हो जेले सत्यताबाट तर्किएर दन्त्यकथाहरुको (झुटा शिक्षा/असत्य) पछि लाग्ने स्वभाबलाई चित्रण गर्दछ।

तर,प्रेरित पावलले मण्डलीलाई पद २ मा यसरि सुझाब दिन्छन।समय र बेसमयमा तत्पर बस '-यसले जस्तो सुकै अवस्थामा पनि सहज र असहज दुबै परिस्तिथिमा प्रभुको सत्यताको सेवामा तत्पर हुनुपर्छ भन्ने अर्थ दिदछ ।तर अरुको सहजतालाई भने सधै ध्यान र सम्मान भने गर्नुपर्दछ ।



धैर्यमा र शिक्षा दिने कुरामा अचुक सत्यतालाई चाँही डाहसाथ सुरक्षा गर्नुपर्दछ र प्रेम अनि धैर्यतामा बोल्नुपर्छ जसै हामी एफिसी ४:१५ मा पढ्न पाउछौ।
*"तर प्रेममा सत्य बोल्दै हामी सबै कुराहरुमा उहाँसम्म,जो शिर हुनुहुन्छ अर्थात ख्रीष्टसम्म बढौं।"*

तसर्थ,प्राचिन मण्डलीको समयकालमा हामीले अति पबित्र बिश्वास र बाइबलको ज्ञानबाट कसरी पतित भयो र छलको काम कसरी शुरुवात भयो अनि यससँग सम्बन्धित अगमवाणीहरुको बारेमा हेर्यौं।अब,हामीले याद राख्नुपर्छ कि प्राचिन ख्रीष्टिय मण्डली बिशेषत ५ मुख्य शहरहरु स्थापित भएको थियो।

१.इस्राएलको यरुशलेममा:
२. ग्रीसको एन्टियोखमा जहाँबाट पहिलो चोटी ख्रीष्टियान नाम शब्द आयो जसै हामी प्रेरित ११:२६ मा पढ्न पाउछौ ।

*"अनि उनलाई फेला पारेपछी तिनले उनलाई एन्टिओकमा ल्याए। अनि यस्तो भयो: एक बर्ष भरी उनिहरु मण्डलीसँग भेला भए, र धेरै मानिसहरुलाई शिक्षा दिए। अनि चेलाहरु सबैभन्दा पहिले एन्टियोकमै 'ख्रीष्टियान' भनिए।"*

३. उत्तरी मिश्रको अलेक्जेन्ड्रियामा
४ टर्कीको स्तानबुल
५ इटलीको रोममा

मण्डली त्यतिबेला ब्यबस्थित थियो र बिशपको लागी सबैभन्दा उच्च तहको कार्यालय हुन्थ्यो र बिशप चाही १ तिमोथी ३:१-२ मा लेखे अनुसार हुनुपर्दथ्यो ।

*"यो वचन विश्वासयोग्य छ:यदि कुनै मानिसले अध्यक्षको पदको चाहना गर्छन् भने उनले एउटा असल कामको चाहना गर्छन।२यसकारण अध्यक्ष निर्दोष,एउटै पत्निको पति,सतर्क,आत्मसंयमी, असल व्यावहार भएका,अतिथिलाई सत्कार गर्ने,सिकाउनमा सिपालु हुनुपर्छ।"*

बचन अनुसार बिशपको कार्यालय चाँही मण्डलीमा अति उच्च तहमा हुन्थ्यो।उ चाँही प्रमुख चेला हुन्थ्यो र बिशपहरु थुप्रै क्षेत्र र ठुला शहरहरुमा हुने गर्दथे।तसर्थ,ख्रीष्टियान मण्डलीमा थुप्रै बिशपहरु हुने गर्दथे।र तिनीहरु समग्र मण्डलीको भलोको लागी समुहगत रूपमा भेटघाट गरी छलफल गर्ने गर्दथे।प्रेरित युहन्ना र प्रेरित पावलले त्यस ओहदाको कार्यालयमा रही सेवा गर्दथे।तर,तिनीहरुको कुनै पद थिएन (प्रकाश १:९ र फिलिप्पी १:१ लाई आधार बनाउनुहोस्)।तर,आज हामी हेर्छौं भने तत्कालिन बिशपहरु र पाष्टरहरुले आफ्नो नाम अगाडी साझा पद "रेभरेण्ड" भनि प्रयोग गरेको देख्छौ।के तपाईंलाई थाहा छ,बचन अनुसार यो पद कसको लागी प्रयोग हुन्छ?आउनुहोस, भजनसङ्ग्रह १११:९ लाई पढौ।

*"उहाँले आफ्नो निज प्रजाकहाँ छुटकारा पठाउनुभयो; उहाँले आफ्नो वाचा सधैंकानिम्ती ठहराउनुभएकोछ: उहाँको नाउ पवित्र र श्रदेय छ।"*

(KJV सन्स्करणको बाइबलमा मात्र ठिक/ ठेट उल्था गरिएको छ।)

हो, यो पद सर्वशक्तिमान परमेश्वरलाई मात्रै प्रयोग गरिन्छ र यस शब्दले परमेश्वरको नै चित्रण गर्दछ।र,यसलाई अरु अनुबादहरुमा जस्तै तामिल NIV आदी संस्करणमा उदेक भनि लेखिएको छ।

->अब,परमेश्वरको सृष्टिको अपिरिमित कामहरु हेर्ने हो भने,उहाँले बनाउनुभएको तारामण्डल र ब्रह्माण्डलाई हेर्ने हो भने सृष्टि आफै नै उदेक लाग्दो छ।
->ति सबैका सृष्टिकर्तालाई कल्पना गर्नुहोस् त?
 ->के कुनै बिशप र पाष्टरहरु परमेश्वर जस्तै हुन सक्छन वा परमेश्वरको उपनाम वा पद प्रयोग गर्न सक्छन?




अनि, हाम्रो अर्को सन्दर्भलाई मत्ती २३:९ मा पढौ।

*"अनि यस पृथ्वी मा तिमीहरुले कसैलाई आफ्नो पिता नभन्नु: किनकी तिमीहरुका एउटै पिता हुनुहुन्छ, जो स्वर्गमा हुनुहुन्छ। "*

यहाँ हाम्रो प्रभु येशू ख्रीष्टले धर्मको सम्बन्धमा बिशेषगरी ख्रीष्टिय शिक्षकहरुमाझ कसैलाई पनि पिता नभन्नु भन्ने कुरा दर्शाउनुभएको छ।

क्याथोलिक मित्रहरुले येशूको यि शब्दहरु किन पालन नगरेका होलान त ? अनि फेरी हामी अर्को सन्दर्भलाई एफिसी १: २२,२३ मा पढ्न पाउछौ।

*"र सबै कुराहरु उहाँको पाउहरुमुनि राखिदिनुभयो र उहांलाई सबै कुराहरुमाथि शिर हुनका निम्ती मण्डल ीलाई दिनुभयो,२३ जुनचाहीं उहाँको शर िर हो अर्थात् उहाँको परिपूर्णता,जसले सबैजनामा सबै कुराहरु भरिदिनुहन्छ।"*




यस बचनको खण्डले येशूलाई मण्डलीको सबै चिजको शिर हुनुहुन्छ भनेर प्रष्टै सकेंत गरेको छ।यस बचनको प्रकाशमा पोपले आफु मण्डलीको शिर हुँ भनि गरेको दाबी चा ँही गलत ठहर्छ-सफेद झूट। पोप शब्द ल्याटिन शब्द 'पोपा' बाट उद्दत गरिएको हो जसको अर्थ 'पिता' भन्ने हुन्छ।



रोमन क्याथोलिकहरुको पोपचा ँही मण्डलीको शिर हो भन्ने दाबी चाही मत्ती १६:१८,१९ को आधारमा हो।



*"अनि म पनि तिमीलाई भन्दछु: तिमी पत्रुस हौ, र म यस चट्टानमाथि म आफ्नो मण्डली बनाउनेछु, अनि नरकका ढोकाहरु यसमाथि विजयी हूनेछैनन् १९ अनि म तिमीलाई स्वर्गको राज्यका चाबिहरु दिनेछु; र पृथ्वीमा तिमीले जे बाँधौला,सो स्वर्गमा बाँधिनेछ, अनि पृथ्वीमा तिमीले जे फुकाउला, सो स्वर्गमा फुकाइनेछ।"*

रोमन क्याथोलिक मण्डलीले प्रभुको यस शब्दहरुलाई प्रेरित पत्रुसलाई मण्डलीको शिर नियुक्त गर्नुभएको भनि दर्शाउदछन र पत्रुस नै पहिलो पोप र त्यसको जगको ढुङ्गा पनि थिए भनि मानीलिन्छन।के यो सत्य हो?यदि यो सत्य थियो भने त्यसको केहि समय पश्चात प्रभु र पत्रुसको बिचमा के भयो भन्ने घटनालाई हेरौ।आउनुहोस,मत्ती १६:२२,२३ लाई पढौ।

*"तब पत्रुसले उहाँलाई एकातिर लगेर एसो भन्दै उहांलाई हप्काउन लागे:'यस्तो नहोस्,प्रभु!तपाइँमाथि यो कुरा कुनै रितिले परी आउनेछैन!'२३ तर उहाँले फर्किएर पत्रुसलाई भन्नुभयो: "हे शैतान, मेरो पछील्तिर जा! तँ मेरोलागी ठेसलाग्ने कारण होस्, किनकी तँ परमेश्वरका कुराहरुमा होइन, तर मानिसहरुका कुराहरुमा ध्यान लगाउछस्।"*

यदी त्यो सत्य हो भने उत्तीखेर नै प्रभुले आफ्नो मण्डलीको नयाँ शिरलाई शैतान भन्नुभएको छ।के यो अनौठो भएन र?त्यसो हो भने यो पदले साच्चै के अर्थ राख्दछ त?यसको सन्दर्भ र पृष्ठभुमिलाई अध्ययन गरेर हेरौ र बुझौ जसै हामी मत्ती १६:१३-१७ लाई पढ्छौ।

*"जब येशु सिजरिया फिलिप्पिका ईलाकाहरुमा आउनुभयो, तब उहाँले आफ्ना चेलाहरुलाई यसो भन्दै सोध्नुभयो:मानिसहरु के भन्छन, म मानिसको पुत्रचाहिं को हुँ?"14 अनी तिनिहरुले भने:तपाईँलाइ कसैले बतिस्मा दिने युहन्ना,कसैले एलिया र अरुले यर्मिया अथवा अगमवक्ताहरुमध्य कुनै एक हून् भनी भँछन्।"१५ उहाँले तिनिहरुलाई भन्नुभयो:"तर तिमिहरुचाहिं के भन्छौ- म को हुँ?"१६ अनि शिमोन पत्रुसले जवाफ दिएरभने:तपाईँ जीवित परमेस्वरका पुत्र ख्रिस्ट हुनुहुन्छ।"१७ अनि येशुले जवाफ दिएर उनलाई भन्नुभयो:"योनाका छोरा शिमोन,तिमी धन्य हौ;किनकी मासु र रगतले तिमीलाई यो कुरा प्रकट गरेको होइन, तर मेरा पिताले जो स्वर्गमा हुनुनुन्छ।"*

हो, यहाँ यस पदको पृष्ठभुमी छ – १३ पदको एउटा प्रश्न।

*" जब येशु सिजरिया फिलिप्पिका ईलाकाहरुमा आउनुभयो, तब उहाँले आफ्ना चेलाहरुलाई यसो भन्दै सोध्नुभयो:मानिसहरु के भन्छन, म मानिसको पुत्रचाहिं को हुँ?"*



अनि, प्रेरित पत्रुसले पबित्र आत्माको शक्तिमा सत्यता बोले।अनि,त्यसपछी मात्र येशूले पद १८ का शब्दहरु बोल्नुभयो।

*"अनि म पनि तिमीलाई भन्दछु: तिमी पत्रुस हौ, र म यस चट्टानमाथि म आफ्नो मण्डली बनाउनेछु, अनि नरकका ढोकाहरु यसमाथि विजयी हूनेछैनन्।"*

यहाँ,पत्रुस शब्द ग्रीक शब्द "पेट्रोस" शब्दबाट उद्धधृत गरिएको हो जेको अर्थ सानो ढुङ्गा हो जब कि 'यस चट्टानमाथी चाही' ग्रीक शब्द 'पेट्रा' बाट उद्धधृत गरिएको हो,जसको अर्थ ठुलो ढुङ्गा हो।शब्दहरुको अर्थको स्पष्ट भिन्नता चाँही ग्रीक भाषामा मात्रै थाहा पाइन्छ र बुझ्न सकिन्छ।



अनि येशूले त्यो चट्टानमाथी आफ्नो मण्डली स्थापित गर्नेछु भन्नुको अर्थ सत्यमाथी मण्डलीको जग बसाल्नेछु भन्न खोज्नुभएको हो जसै हामी १ तिमोथी ३:१५ मा पढ्‌न पाउछौ।

*"तर म ढिलो भएँ भने परमेश्वरको घरमा, जुनचाहिं जीवित परमेश्वरको मण्डली हो,सो तिमीले जान्न सक। "*

अनि,यसको साथसाथै येशू आफै नै त्यो जग हुनुहुन्छ जसै हामी १ कोरिन्थी ३:११ मा पढ्‌न पाउछौ।

*"किनकी त्यस बसालिएको जगलाई छोडेर,जो येशु ख्रीष्ट हुनुहुन्छ,कसैले पनि अर्को जग बसाल्न सक्दैन।"*

येशू आफैले सत्य हुँ भनि युहन्ना १४:६ मा भन्नुहुन्छ।

*"येशूले तिनलाई भन्नुभयो,"बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोहि पनि पिताकहाँ आउंदैन।"*

तसर्थ, येशूले पत्रुसलाई आफ्नै बारेमा भन्नुभयो कि उहाँनै मण्डलीको जग हुनुहुन्छ।पत्रुस,नयाँ यरुशलेमको १२ जगको ढुङ्गामध्य एक हुन जसै हामी प्रकाश २१:१४ मा पढ्‌न पाउछौ।

*"अनि त्यस शहरको पर्खालका बाह्रवटा जगहरु थिए,अनि तिनमा थुमाका बाह्र प्रेतितहरुका नामहरु लेखिएका थिए।"*

अनि, मत्ती १६:१९ मा उल्लेख भएको स्वर्गको राज्यको साँचाहरुको अर्थ के हो त?

*"अनि म तिमीलाई स्वर्गको राज्यका चाबिहरु दिनेछु; र पृथ्वीमा तिमीले जे बाँधौला,सो स्वर्गमा बाँधिनेछ,अनि पृथ्वीमा तिमीले जे फुकाउला,सो स्वर्गमा फुकाइनेछ।"*

यि साँचोहरू रोमन क्याथोलिकहरुले पोप नै स्वर्ग र नर्कको चाबीहरु हुन भन्ने दाबी सामन्यतया गर्ने गर्दछन।तर,यसको अर्थ के हो त?

->चाबीको साकेंतिक अर्थले कुनै पनि अबसर वा अन्य केहिको ढोकालाई खोल्ने भन्ने दर्शाउदछ।
- >यसले अधिकारलाई प्राप्त गर्ने भन्ने अर्थ पनि चित्रण गर्दछ जसै हामी अर्को पद प्रकाश १:१८ मा पढ्‌न पाउछौ।

*"अनि जीवित म नै हुँ; म मरेको थिएँ;अनि हेर,म सदासर्बदाको निम्ती जीवित छु,आमेन।अनि नरक र मृत्युका चाबीहरु मसँग छन्।"*

यसले,तसर्थ चाबीले सकेंतमा अवसरको ढोकालाई चित्रण गर्दछ र स्वर्गिय जातीको सदस्य भन्ने निमन्त्रणा पहिलोचोटी पत्रुसले नै दुईवटा वर्गहरुमा खुला गरे।यि दुई चाबीहरु जो पत्रुसले खोले,ति निम्न छन।

- >यहुदीहरुको निम्ती चाबी जुन पेन्टिकोसको दिनमा खोलियो। (सन् ३३,मे) (प्रेरित २:१४-४१)
->अन्यजातीहरुको निम्ती चाबी जुन कर्नेलियसको घरमा खोलियो (सन् ३६,अक्टोबर) (प्रेरित १०: २३-४८) ।

हाम्रो प्रभुले प्रकाश १:६ मा उल्लेख भए जस्तै स्वर्गको राज्य जेको लागी ख्रीष्टियानबाट नै निश्चित संख्यामा सिमित मानिसहरु राजाहरु र राजकुमारहरु छानिनेछन भनि सुसमचारिय युगको बिकास क्रममा दुईवटा दृष्टान्तहरुमा अगमवाणी कहनुभएको छ । आउनुहोस, मत्ती १३: ३१,३२ लाई पढौ।



*" उहाँले यसो भन्दै अर्को दृष्टान्त पनि तिनिहरुको सामु राखिदिनुभयो:"स्वर्गको राज्यचाहि रायोको एउटा दनो जस्तो हो, जसलाई एकजाना मानिसले लगेर आफ्नो बारीमा छर्यो; ३२ जुनचाहिं साँचै सबै बिउहरुभन्दा सानो हुन्छ, तर जब यो बढ्छ, तब यो सबै   सागपातहरुभन्दा ठुलो हुन्छ र एउटा रुख बन्छ, यसोहुँदा आकाशका चराहरु आई त्यसका हाँगाहरुमा वास बस्छन।"*



यस दृष्टान्तले के अर्थ दिदछ र के दर्शाउदछ त? यसले,पहिलो शताब्दीतिर नै मण्डलीको स्थापनाको सानो कामको थालनी र त्यसपछी आउदो शताब्दीहरुमा त्यसको बिकासक्रमको बारे चित्रण गर्दछ।आउनुहोस,अब यसको दृष्टान्तिक अर्थहरुलाई हेरौ ।

- >रायोको दाना: जसरी रायोको दाना एकदमै सानो हुँदछ,यसले मण्डलीको शुरुवात पनि १२ जना प्रेरितहरु र केही चेलाहरुबाट शुरु हुने तथ्यलाई चित्रण गर्दछ ।
- > एक जना मानिसले लगेर-यसले स्वर्गिय राज्यको सुसमाचार घोषणा गर्ने काम पहिला पहिला येशू ख्रीष्टबाट नै शुरु भयो अनि त्यसपछी येशू ख्रीष्टको अगुवाईमा नै शुरु भयो र त्यस कामलाई प्रेरितहरुले र चेलाहरुले निरन्तरता दिए भन्ने तथ्यलाई चित्रण गर्दछ जसै हामी प्रेरित १:८ मा पढ्दछौ।

*"८ तर पवित्र अत्मा तिमीहरुमाथि आउनुभएपछी तिमीहरुले सामर्थ्य पाउनेछौ,र यरुशलेममा,सारा यहूदिया र सामरियामाअनी पृथ्वीको छेउसम्म तिमीहरु मेरा निम्ति साक्षी हुनेछौ।"*

->खेतबारीमा रोप्यो–खेत चाँही संसार हो।( मत्ती १३:३८ लाई आधार बनाउनुहोस्) तसर्थ,यसले सुसमाचारलाई संसारभरी घोषणा गर्नु भन्ने कुरालाई चित्रण गर्दछ।

- >तर,जब बढ्छ–यसले पक्कै पनि मण्डलीको बिकासक्रमको कालखण्डको इतिहास आउने ३००-१००० बर्षको समयलाई चित्रण गर्दछ।साधारणतया,तोरीको बिरुवा २-३ फिट उचाईको मात्र हुन्छ तर यस पदमा अलि अनौठो किसिमले बढ्ने कुरा लेखिएको छ,कि त्यो रुख नै भईहाल्छ भनिएको छ।

->आकाशका चराचुरुङ्गीहरुयो एफिसी २:२ मा उल्लेख भए अनुसार आकाशको शक्तिको मालिकका चेलाहरुको चिन्ह हो वा मण्डलीभित्र नै सासांरिक बिचारधारा बोकेका ब्यक्तिहरुलाई चित्रण गर्दछ जोहरुले सधै सासांरिक फाइदा र इज्जतमात्र खोजिरहेका हुन्छन।

->हागाहरुमा गुँड लाउछन–यसले कसरी ति सासांरिक मनस्थिती भएका ब्यक्तिहरुले अधिकारहरु र ओहदाहरु आफ्नो पोल्टामा पारी मण्डलीको प्रणालीभित्र छिर्दछन भन्ने कुरालाई चित्रण गर्दछ।हो, के यो अहिलेको चर्चियानिटीको बिबिध हागाहरुको (७५० डिनोमिनेसनहरु नोमिनल ख्रीष्टियान) तत्कालिन अवस्थाको स्पष्ट अगमवाणिय चित्र होईन होला र?

->अनि हामी मत्ती १३:३३ मा येशूले अर्को दृष्टान्त बोल्नुभएको पढ्न पाउछौ।

*"उहाँले तिनिहरुलाई अर्को दृष्टान्त भन्नुभयो:"स्वर्गको राज्य खमिर जस्तो हो,जसलाई एउटी स्त्रीले लगेर तीन पाथी पिठोमा,त्यो पुरै खमिरी नहुँन्जेल लुकाइराखी।"*

यस दृष्टान्तको अर्थलाई पुर्ण रूपमा बुझ्न हामीले प्रमुख ३ वटा बुँदाहरु बुझ्नुपर्दछ।

१) खमिर २) स्त्री ३) तीन मापको आँटा (पच्चिस किलोग्रामको पिठो) ।



यो सबै चिन्हहरु हुन।आउनुहोस, अब हामी यसको अर्थहरुलाई हेरौ जसै हामी खमिरको अर्थ मत्ती १६:११ मा पढ्न पाउछौ।

*"मैले तिमीहरुलाई रोटीको बिषयमा भनेको होइन भनी तिमीहरु कसरी बुझ्दैनौ?तर मैले फरिसी र सदुकीहरुको खमिरदेखि पो होसियार बस भनेको हुँ।"*

यो सदुकी र फरिसीहरुको खमिर के थियो त?यसको उत्तर हामी प्रेरित २३:८ मा पढ्न पाउछौ।

*"८ किनकी सदुकीहरु भन्दछन्:'बौरीउठाइ हुँदैन,नता स्वर्गदुत नता आत्मा नै हून्छन्;तर फरिसीहरु दुबैलाई मान्दछन।"*

हो,खमिर झुटा शिक्षा र सिदान्तहरु हुन।

२) स्त्री: त्यो स्त्री को हुन त?बाइबलमा हामीले पढ्न सक्छौ कि स्त्री,मण्डली र ख्रीष्टको सम्भावित दुलहीको सकेंत हो जसै हामी २ कोरिन्थी ११:२ मा पढ्न पाउछौ।

*"किनकी म इश्वरीय ईर्ष्याले तिमीहरुका लागि ईर्ष्यालु भएको छु;किनकी तिमीहरुलाई एउटी चोखी कन्याको रुपमा ख्रीष्टकहाँ अर्पण गरौ भनेर मैले एक पतिका लागी तिमीहरुको मगनी गरिदिएको छु।"*

तर,यस पदमा उल्लेख भएको चाँही त्यो स्त्री होईन।त्यसो हो भने के हो त?यसलाई हामी प्रकाश १७: ३ मा पढ्न पाउछौ जुनचाँही पृथ्वीका राजाहरु अर्थात नागरिक राजनितिक शक्तिहरुसँग अनैतिक सम्बन्ध (ब्यभिचार) गर्ने झुटा मण्डली हो।

३)तीन मापको आँटा (पच्चिस किलो ग्रामको पिठो–यसले १ कोरिन्थी १३:१३ मा उल्लेख भएको ख्रीष्टियान जिबनका ३ वटा आधारभुत खम्बाहरुको सकेंत गर्दछ जुन बिश्वास,आशा र प्रेम हुन।



हो, पिठोका यि ३ भागहरु प्रणालीगत ढङ्गबाट झूटा सिद्धान्तहरू माध्यमबाट खमिर हालेर फुलाए जस्तै ध्वस्त बनाइएको छ।आउनुहोस,कसरी त हेरौ।->बिश्वास:अति पबित्र बिश्वास चाँही पंथहरुले प्रतिस्थापन गऱ्यो।संक्षिप्त आस्था र बिश्वासहरु-जस्तै, प्रेरितहरुको पंथ र क्रमश सासांरिक बिश्वास र सिद्धान्तहरू साझा भई मण्डलीको बिश्वास र आस्थामा छिर्न थालेपछी बाइबल अध्ययनलाई पनि क्रमश कम महत्व दिदै गइयो।

बाइबलको सत्यताहरु बिस्तारै हराउँदै गयो।हामीले यसको असरहरु आउदो पाठहरुमा बाइबलको सिद्धान्तहरू गहिराईमा पढ्दा थाहा गर्नेछौ।

->"आशा"–उहाँको दोश्रो आगमनमा (२ तिमोथी २:१२) यदि हामी उहासँगै दुखभोग सह्यौ भने उहासँगै राज्य गर्नेछौ भन्ने ठुलो आशा चाँही यही जिबनमा नै राज्य गर्नु हो भन्ने दाबीले प्रतिस्थापन गर्नथाल्यो।यो चाँही प्राचिन मण्डलीमा नै त्यतीखेर नै शुरु भयो जसै हामी १ कोरिन्थी ४:८,१० मा पढ्न पाउछौ।

*"तिमीहरु त्रिप्त भईसकेका छौ,तिमीहरु धनवान् भईसकेका छौ;हामी विना नै तिमीहरुले राजाले झैं राज्य गरेका छौ;अनि साँच्चै तिमीहरुले राज्य गरेका म चाहन्छु,र हामी पनि तिमीहरुसँग राज्य गर्ने थियौं।१० हामी ख्रीष्टका निम्ति मूर्ख छौं,तर तिमीहरू ख्रीष्टमा बुद्धिमान छौ;हामी कमजोर छौं,तर तिमीहरू बलिया छौ; तिमीहरुले आदर पाएका छौ तर हामी तुच्छ गनिएका छौं।"*

हो,प्राचिन मण्डलीमा नै यही सासांरिक जिबनमा मान इज्जत खोजी राज्य गर्ने कोशिस र पहल शुरु भयो।

->तसर्थ,पबित्र रोमी साम्राज्यका धर्मयुद्धहरु,ख्रीष्टको र क्रुशको निम्ती युद्धहरुले ठुलो रक्तपात र बिनाश निम्त्यायो।हो,पछी उहासँग राज्य गर्न अहिले दुख भोग्नुपर्ने आशिषित आशा नितान्त हराएर गयो।

->प्रेम–अन्त्यमा पिता र पुत्रको प्रेम सेलाउदै गयो जब बचनको सत्यता हराउदै गयो र मण्डलीहरुमा स्वार्थपनको सासांरिक प्रकृतिले अधिकार जमाउँदै गयो।हो,यस दृष्टान्टले कसरी मण्डली सत्यताबाट अलग भई परमेश्वरको बचनमा उल्लेख भए अनुसार ख्रीष्टियानिटीका सत्य सिद्वान्तहरुमा ह्रास आउदै गयो भन्ने परिघटनाको चित्रण गर्दछ।तर अहिलेको अवस्था यशैया २९:१३ मा अगमवाणी गरिए जस्तै भएको छ।

*"यसैकारण प्रभुले भन्नुभयो:'यो जाती आफ्नो मुखले चाँहीं मेरो नजिकमा आउछ र आफ्ना ओठहरुले मलाई आदर गर्छ;तर तिनीहरुले आफ्नो हृदय मदेखी टाढा हटाएका छन्,अनि म प्रतिको तिनिहरुको डरचाहिँ मानिसहरुको धर्मशिक्षाले सिकाएको मात्र हो।"*



हो,पंथहरु,मानिसका बिचारहरु र झुटा शिक्षाहरुले परमेश्वर प्रेमिलोभन्दा पनि त्रासदीको परमेश्वर हुनुहुन्छ भन्ने चित्रण गरिदिएको छ।गहिरो अर्थ बोकेको गितहरु पनि भित्री हृदयदेखी भन्दा पनि ओठहरुबाट मात्रै गाउन थालियो।उदाहरणका लागी:"येशूलाई म सबथोक दिन्छु" भन्ने गित शब्दहरुलाई ख्याल नगरी यथार्थमा येशुलाई आफु सम्पूर्ण तबरमा समर्पण नगरी गाइन्छ।

->साच्चै, यशैया २९:१३ को वचन आजको ख्रीष्टियानिटीको अवस्थाको सजिब अगमवाणी हो।के यो अगमवाणी आजका दिनहरुमा पनि पुरा भएको छैन र?प्राचिन मण्डलीमा सत्यता र त्यसको प्रतिकृयाको बारेमा हामीले प्रेरित २८:२२ मा पढ्न पाउछौ।

*"तर तपाईंको बिचार के रहेछ, सो हामी तपाईंबाट सुन्न चाहन्छौं; किनकी यस पंथको सम्बन्धमा हामीलाई थाहैछ: जहाँताँहि यसको बिषयमा कुरा गरिन्छ।'"*

हो,परमेश्वरको बोलावट र सत्यताचाँही सहजै स्विकार गरिदैन चाहे त्यो प्राचिन मण्डली होस् या आजको समयहरुमा पनि।
के तपाईलाई थाहा छ,ख्रीष्टको चेलाहरुलाई पहिला ख्रीष्टियान भन्नुभन्दा अर्को नामले चिनिने गर्दथे? हो,त्यो नामको बारेमा हामीले प्रेरित २४:५ मा पढ्न पाउछौ।

*"हामीले यस मान्छेलाई एउटा महामारी फैल्याउने र संसारभरी सबै यहूदीहरुको बिचमा विद्रोह मच्चाउने,साथै नासरीहरुको कुल पंथको मुल अगुवाको रुपमा भेट्टाएका छौं।"*

हो,ख्रीष्टका चेलाहरुलाई नासरी पंथ भनेर चिनिन्थ्यो र बोलाईन्थ्यो।तसर्थ,आज पनि साचो बिश्वास (सत्यता) लाई पछाउनेहरुलाई पनि पंथ भनी बर्णन र विचार गरिन्छ।तर,यि सबैको बाबजुद पनि परमेश्वरले हितोपदेश ४:१८ मा यसरी प्रतिज्ञा गर्नुभएको छ।

*"तर धर्मी जनहरुको बाटोचाहिँ चम्किरहने ज्योति जस्तो हुन्छ,जो मध्य-दिनसम्म झन-झन चम्किलो हुँदै जान्छ।"*

हो, प्रभुका चेलाहरु,जो धर्मी छन,तिनिहरुका निम्ती निरन्तर प्रकाशको (सत्य) वाचा।हो,सबै दोधार र त्रुटीहरुको बिचमा पनि बिश्वासयोग्यहरुको लागी सत्यतामा (प्रकाशको बाटो) हिड्न परमेश्वरको प्रेम र सहायता सधै प्रशस्त हुने बिश्वसतता यस पदले बोलेको छ।



**"आमेन"**